

# तथागत गौतम बुद्ध

## संक्षिप्त जीवनी

## (पहिलो थुंगो)

— आनन्द

Downloaded from http://dhamma.digital

# तथागत गौतम बुद्ध

## संक्षिप्त जीवनी

## (पहिलो थुंगो)

लेखक

आनन्द

२०५२

प्रकाशक

भिक्षु अश्वघोष

मूल्य रू. ४/-

Downloaded from http://dhamma.digital



Downloaded from http://dhamma.digital

"प्रातः स्मरणीय तथागत सिद्धार्थ गौतम बुद्ध जसले दिग्भ्रमित, शोषित, पीडित, पददलित, लाञ्छित, अपमानित, घृणित, प्रताडित, अछूत शोकसन्तप्त, रोगी, दोषी, ज्यानमारा तथा अपराधी भएर दुःख कष्ट भोग्ने पाप गर्ने नरनारी जो जो उनका शरणमा आए तिनीहरू कसैसित कुनै किसिमको भेदभाव नराखी समान रूपले उन्मुक्त हृदयले शिष्ट व्यवहार गरेर, मीठो बोली बोलेर, सत्य कुरो बुझेर, जीवनको सही मार्गमा हिंड्न व्यवहारिक ज्ञान र उपदेशहरू दिनुभयो, मन सन्तुष्ट पारी दिनुभयो, उद्धार गर्नुभयो, समाजमा सम्मानित जीवन यापन गर्न प्रोत्साहन दिनुभयो र पथ–प्रदर्शकको रूपमा आजीवन अविच्छिन्न सेवा गर्नु भएर लोकको कल्याण गर्नुभयो उनैको पवित्र सम्झनामा लेखेर तयार पारिएको यी सानो पहिलो थुंगो पुस्तक सादर समर्पित छ ।"

— आनन्द

Downloaded from http://dhamma.digital

# दुई शब्द

एक दिन मकहाँ एक अपरिचित व्यक्ति मुसुमुसु हाँस्दै आउनुभयो । उहाँले आफैले लेख्नुभएको "तथागत गौतम बुद्ध" नामक पाण्डुलिपि मलाई दिनुभयो जुन वहाँको बुद्धप्रति श्रद्धाको एक उद्‌गार थियो । पाण्डुलिपि सरसरति हेर्दै गएँ । मलाई पनि राम्रो लाग्यो । मलाई राम्रो लागेको किनभने लेखकले गौतम बुद्धलाई अलौकिक रूपमा होइन, लौकिक र महामानवका रूपमा चिन्नु भएको रहेछ ।

आधुनिक युवा विद्यार्थी र बुद्धिजीवी वर्गका लागि यस्ता बुद्धसम्बन्धी स्वाभाविक जीवनी आवश्यक भइरहेको मैले पनि महसूस गरेको छु । त्यसैले उहाँको प्रथम प्रयासलाई प्रोत्साहन दिन म आफैले प्रकाशित गर्न अग्रसर भएको हुँ ।

यो पुस्तक कस्तो लाग्छ ? पढिसकेपछि पाठकले थाहापाइहाल्नु हुनेछ । लेखकको धैर्य अरू बढोस् । यही मेरो शुभ कामना छ ।

— भिक्षु अश्वघोष

संघाराम
कार्तिक ३० गते २०५२

Downloaded from http://dhamma.digital

# लेखकको भनाई

बुद्ध धर्मका प्रवर्तक सिद्धार्थ गौतम बुद्धका जीवनी घटना विवरण, ज्ञान र उपदेशहरूको सन्दर्भमा नेपाली तथा हिन्दी भाषामा लेखिएका पुस्तक–पुस्तिका पत्रिका पढेर उनको धर्म र कर्मको कुरा बुझेर म निकै नै प्रभावित भएँ । अतः उनको जीवनी, कतिपय रोचक घटनाहरू तथा ज्ञानोपदेशहरू-लाई सकलन र समावेश गरी एउटा सानो थुंगो पुस्तकको रूप दिन जमर्को गरें जो पाठक महानुभावहरू समक्ष प्रस्तुत छ ।

यस पुस्तकमा घटना विवरण र धर्मोपदेशहरू उल्लेख गर्दा त्रुटीहरू फेला नपर्ला भन्न सकिन्न । त्यस्तो त्रुटी फेला परेमा र औंल्याई दिनु हुनका साथै सल्लाह समेत दिनु भएमा आगामी संस्करणमा त्रुटी रहित र परिमार्जित गरिने व्यहोरा आदरणीय पाठकवृन्द समक्ष अवगत गराउँदछु ।

अन्तमा यो पुस्तकले गौतम बुद्ध र बुद्ध धर्म बारे विशेष अभिरूची राख्नु हुने पाठक महानुभावहरूलाई सामान्य ज्ञान दिनसके मात्र पनि म आफ्नो अथक प्रयास सफल भएको ठान्नेछु । धन्यवाद !

– आनन्द

२०५२ भाद्र २१ गते बुद्धबार

मैतीदेवी, डिल्लीबजार
काठमाडौं ।

Downloaded from http://dhamma.digital

# तथागत गौतम बुद्ध

आजभन्दा २६०० वर्ष अगाडी वर्तमान नेपालको लुम्बिनी अञ्चल कपिलवस्तु जिल्ला लगायत भएको सेरोफेरो-लाई लिएर स्थापित गणतन्त्र राज्यमा शाक्यवंशी राजा शुद्धोदन राज गर्दथ्यो । उनको दुइवटी रानीहरूमध्ये बडा-महारानीको नाम महामाया र कान्छी रानीको नाम प्रजापती थियो । यिनीहरू कोलिय राज्यको राजाकी सहोदर दिदी-बहिनी राजकन्याहरू थिए ।

विवाह भएको धेरैकालसम्म पनि कुनै सन्तान नहुन सकदा यिनीहरू साह्रै चिन्तित थिए ।

जुन रात बडामहारानीले सपनामा एउटा छ दन्ते हात्ती र एउटा छ कुनो परेको तारा चारैतिर उज्यालो प्रकाश छर्दै आफ्नो शरीरमा प्रवेश गरेको देखिन त्यही रात आफु गर्भवती भएको अनुभव गरिन् ।

शिशु प्रसवकालको समय नजिकै आएकोले बडामहा-रानीले आफ्नो माइत देश कोलिय राज्यको राजधानी देवदह जाने इच्छा प्रकट गरिन र राजा तथा आफ्नो बहिनी कान्छी रानीसित सल्लाह गरी बिदा लिएर साथमा धाइ सुसारेहरू सहित देवदहतर्फ प्रस्थान गरिन । लुम्बिनी भन्ने ठाउँमा पुगेपछि आफूलाई प्रसव पीडाले च्याप्दै ल्याएको अनुभव गरिन

Downloaded from http://dhamma.digital

र एउटा रूखको हाँगा समाती बसिरहिन। केही समयपछि एउटा सुन्दर शिशु राजकुमारलाई जन्म दिइन ।

नवजात शिशु राजकुमार सिद्धार्थ गौतम जन्मेको सातौं दिनमा अगाध माया ममताकी श्रोत पीयूष बर्षिनी राजमाता बडामहारानीको स्वर्गारोहण भयो । यसरी बडा-महारानीको असामयिक निधनले शिशु राजकुमारको स्याहार, सुसार, रेखदेख, खानपान तथा हुर्काउने बढाउने कामको अभिभारा कान्छी महारानीको काँधमा आइपऱ्यो । उनले पनि शिशु राजकुमारलाई वातसल्य प्रेम, माया, ममता, स्नेह तथा माया दिएर एक आमाको धर्म र कर्तव्य निभाइन् ।

राजकुमार सिद्धार्थ गौतम बालकै भएता पनि उमेर अनुसार खेल्न छोडेर एक ठाउँमा बसी ध्यानमग्न हुनुहुन्थ्यो । राजकुमारको यस्तो स्वभाव देखेर राजा रानी दुवैलाई चिन्ता हुन्थ्यो ।

राजकुमार सिद्धार्थ जब बालक अवस्थाबाट किशोर अवस्थामा पाइला टेक्नुभयो तब उनमा मानवीय गुणका लक्षणहरू देखा पर्न थाल्यो ।

जंगलमा शिकार खेल्न जाँदा छेउमा आएका निरीह शिकारलाई त्यसै जानु दिनु हुन्थ्यो ।

आफू चढेको घोडा थाकेमा तल ओर्लिएर माया गर्नु हुन्थ्यो; पसिना आएको भए पुछी दिनु हुन्थ्यो ।

एक दिनको घटना हो । राजमहल भित्रको बगैंचामा काँड रोपिएर घाइते भएको राजाहाँस उडेर राजकुमार

Downloaded from http://dhamma.digital

सिद्धार्थ गौतमको छेउमा आइ भूइँमा खस्यो। राजकुमारले मरणासन्न अवस्थामा पुगेको त्यो हांसलाई काखमा राखी शरीरमा रोपिएको काँड झिकी दिनु भयो र त्यसको घाउ धोइ पखाली सफा गरेर औषधी उपचार गरिदिनु भयो।

त्यतिनै बेला आफ्नो भाई पर्ने मामाका छोरा राजकुमार देवदत्त नजिकै गएर मैले मारेको हाँस मलाई देउ भनी माग्दा प्रत्युत्तरमा राजकुमार सिद्धार्थले यो राजा हाँसको प्राण बध गर्नेको भन्दा प्राण बचाई दिनेको अधिकार ठूलो हुन्छ भनेर निरुत्तर पार्नुभयो। तर त्यो घाइते हाँस जसरी भए पनि हात पार्ने उद्देश्यले देवदत्तले वादविवाद चर्काउँदै लग्यो र त्यो कुरो राजाको कानसम्म पुग्यो।

राज सभामा पनि राजा हाँसको प्राण बध गर्नेको भन्दा प्राण बचाई दिनेको अधिकार ठूलो हुन्छ भनेर राजकुमार सिद्धार्थ गौतमको पक्ष लिए।

राजकुमार सिद्धार्थले त्यो हाँसको घाउ राम्रो जातो नभएसम्म आफ्नो रेखदेखमा स्याहार सुसार गरेर राख्नुभयो र घाउ जातो भएर उड्न सक्ने भएपछि स्वतन्त्र छोडी दिनुभयो।

राजकुमार जहिले पनि शान्त मुद्रामा बसिरहनु हुन्थ्यो। उनमा छल, कपट, रीस, राग, इबी, दाह, ईर्ष्या, द्वेष, निन्दा, धन्दा, चर्चा, दम्भ, कलुषित भावना र बाह्य आडम्बर रत्तीभर थिएन। सम्भवतः संसारको विधि विधान, प्रकृति र प्राकृतिक नियम बारे सोंचिरहनु हुन्थ्यो।

Downloaded from http://dhamma.digital

यस्तो स्वभाव देखेर राजा रानीले कुनै एक योग्य सुन्दरी राजकन्यासित विवाह गरिदिने निधो गर्नुभयो। त्यतिबेला उनको उमेर १६ वर्ष मात्र पुगेको थियो।

शुभ विवाहको निमित्त स्वयम्बर सभाको भव्य आयोजना गर्नुभयो। स्वयम्बर सभामा उपस्थित भएका विभिन्न राज्यका राजा महाराजाकी सुन्दरी राजकन्याहरूलाई राजकुमार सिद्धार्थ गौतमले दर्शन भेट दिनुभयो। अन्तिम दर्शन भेट गर्नु हुने आफ्नै मामा सुप्रबुद्धकी सुन्दरी राजकन्या यशोधरालाई मनपराउनु भयो र आफुले ल्याएको माला उनै राजकन्याकी गलामा लगाई दिनुभयो।

त्यसपछि आफुले आर्जन गरेको ज्ञान, गुण, सिप, कला र कौशलको प्रदर्शन गरेर परिक्षामा अद्धितीय रहेको प्रमाणित गरी दिनुभयो। त्यस उपलक्षमा राजकुमारी यशोधराले राजकुमार सिद्धार्थको गलामा विजयको माला लगाइ दिनु भइन्।

परम्परागत शास्त्र विधि अनुसार उनीहरूको शुभ विवाह आनन्द, भव्यउल्लासमय वातावरणमा सुसम्पन्न भयो।

राजकुमार सिद्धार्थ गौतमको जन्म कुण्डली अनुसार तत्कालीन समयका राज ज्योतिषी गुरुहरूले द्विधाविभक्त भविष्यवाणी गरेका थिए। ती दुइ भविष्यवाणी मध्ये एउटा थियो– राजकुमार सिद्धार्थ गौतम दिग्विजयी चक्रवर्ती राजा हुनु पर्ने र अर्को थियो यदि चक्रवर्ती राजा नभएमा निस्वार्थी, त्यागी: ज्ञानी महापुरुष हुने।

Downloaded from http://dhamma.digital

राज ज्योतिषीको भविष्यवाणी अनुसार कतै राजकुमार सिद्धार्थ विरक्तीएर सम्पूर्ण राजपाट नै त्यागी हिंडी देला कि भन्ने पीरले राजाले एउटा छुट्टै अति सुन्दर भव्य महलको निर्माण गर्न लगाउनु भयो र राजकुमारलाई रोग, शोक, भोक, तृष्णार्त, पीडित, शोषित पददलित, दुःखी–दाखी गरीब, कुत्रे–कात्रे, थाङ्ने–माङ्ने, भिखारी–मगन्ते नागरिकहरूको दृष्टि र सम्पर्कबाट टाढा राखियो ।

कुनै कुराको कमी नभएको, ऐश, आराम, आनन्द, उत्सवले नवनिर्मित महलको वातावरण उल्लासमय बनाएता पनि प्रकृति प्रदत्त मानवीय गुण सम्पन्न, बहुमुखी प्रतिभाशाली विशाल हृदयका धनी, लोक कल्याणकारी कार्यको निमित्त सदा चिन्तन मनन गर्नु हुने सिद्धार्थ गौतमको मन कति पनि खुशी हुन सकेन ।

त्यस महल भित्रको कृत्रिम वातावरणले वाक्क व्याक्क भएर एक दिन नगर घुम्न ईच्छा आफ्नो राजपिता समक्ष जाहेर गर्नुभयो । राजाले पनि नगरको सरसफाई तथा सजधजको व्यवस्था गर्न आदेश दिनुभयो । राज आज्ञा बमोजिम नगर सफा सुग्घर गरेर तथा भव्यताका साथ सजाएर झिलिमिलि पारे ।

राजकुमार सिद्धार्थ गौतम रथमा बसेर नगर घुम्न सवारी हुनुभयो । घुम्दै जाँदा एक ठाउँमा बाटामा एउटा अशक्त कमजोर जीर्णशीर्ण अवस्थामा पुगेको बूढो मान्छेलाई लट्ठी टेकेर कतै जाँदै गरेको देख्नुभयो । त्यो बुढो मान्छेलाई

Downloaded from http://dhamma.digital

देखेर आफू पनि एक दिन यस्तै बुढो हुनु पर्ने रहेछ भन्ने कुरोको अनुभव गर्नुभयो ।

दोस्रो पटक मन्त्रीको छोरासित एक व्यापारीको भेषमा नगर घुम्न जाँदा राजकुमार सिद्धार्थले एउटा घाउले पीडित रोगी व्यक्तिलाई देख्नुभयो र त्यसलाई साह्रै माया गर्नुभयो । कति पनि घिन नमानी त्यस घाउरे रोगीलाई आफ्नो भर दिएर उठाउनु भयो । यस्तो अवस्था देखेर हामी सबैलाई घाउ खटिरा आउँदो रहेछ, रोगी हुनु पर्ने रहेछ भन्ने कुराको अनुभव गर्नुभयो ।

तेस्रो पटक रथमा बसेर नगर घुम्न जाँदा केही मानिसहरूले आफन्त व्यक्तिको लाश बोकेर घाटतिर लग्दै गरेको देख्नुभयो ।

ती दुःखपूर्ण घटनाहरू देखेर जन्मेपछि नमरेसम्म संसारिक दुःख, कष्ट भोग्नै पर्ने रहेछ; सबैजना बुढो हुँदो रहेछ; रोग लाग्दो रहेछ; यी आँखाले देखेका सुन्दरता, शक्ति र शरीर अनित्य रहेछ; सबैले एक दिन न एक दिन मर्नै पर्ने रहेछ भन्ने कुराले उनको मनमा एक तमाशको वैरागी भावना उर्लिएर आयो । यो जीवनमा भोग्नु पर्ने दुःखको अन्त कसरी गर्ने अमर कसरी हुन सकिन्छ भन्ने बारे गहन चिन्तन मनन गर्न थाल्नुभयो र दुःखको अन्त गर्ने उपायको खोजीमा राजपाट नै त्यागेर जाने निष्कषमा पुग्ने भयो ।

Downloaded from http://dhamma.digital

एक दिन सम्पूर्ण राजपाट, राजपरिवार धर्मपत्नी, नवजात शिशु राजकुमारलाई त्यागेर कन्थक नामको घोडामा चढी छन्दक नामको सारथीलाई लिएर जगमग जगमग गरी बलिरहेका राता पहेंला ग्रह नक्षत्र ताराहरूले खचिन उन्मुक्त स्वच्छ आकाशको मुनि पवित्र धर्तीवासीहरू सबै मस्त निदाइ-रहेको अवस्थामा निर्जन निस्तब्ध मध्य रातमा चारैतिर अग्ला पर्खालले घेरिएका ऐश्वर्यशाली सुन्दर भव्य राजमहलको मूल ढोकाबाट बाहिर निस्कनु भयो ।

त्यसपछि अनोमा नदी (हालको औमा नदी) पारी गएर आफ्नै तरवारले कपाल काटेर आफुले ल्याएको तरवार र गहना फुकाली छन्दकलाई दिएर घोडा सहित राजदरवार फर्कन आदेश दिनुभयो ।

छन्दकलाई फिर्ता पठाएपछि आफु एक साधारण नागरिकको भेषमा ठाउँ–ठाउँको वस्तु स्थितिको अवलोकन र अध्ययन गर्दै हिंड्नु भयो । तत्कालीन समयका नाउँ कहलाएका साधु, सन्त, योगी, महात्मा, ज्ञानी, ध्यानी, विद्वान तथा पण्डितहरू सबैसित भेटेर सत्संगत गर्नुभयो । जीवन तथा जीवनसँग सम्बन्धित भोग्न पर्ने कुराहरूबाट कसरी मुक्ति पाउन सकिन्छ भन्ने बारे गहन छलफल गर्नुभयो । तर कसै-बाट पनि सन्तोषजनक उत्तर भने पाउन सक्नु भएन । किताबी ज्ञानको कुराले पनि उनको मन सन्तुष्ट हुन सकेन ।

अन्तमा उरुवेलामा ज्ञान प्राप्तिको निमित्त अनाहार रहेर एउटा रूखको फेदमुनि बसी एकाग्र चित्तले ध्यान गर्नु-

Downloaded from http://dhamma.digital

भयो । यसरी अनाहार रहेर घोर कठोर तपस्या गर्दा हाड र छाला मात्र देखिने गरी शरीर सुकेर गयो ।

एक दिन ध्यानमा बसिरहेको बेला एक डफ्फा महिलाहरूले त्यही वनको बाटो भएर गाउँदै बाजा बजाउँदै गएको निकै मार्मिक शिक्षाप्रद गीतले उनको ध्यान आकर्षण गऱ्यो र सुनिरहनु भयो ।

त्यो गीतको मूल भावना "वीणाको तार खिंच्दा यति जोडले कहिले नखिचियोस् कि ताकि त्यसरी खिंच्दा तारै छिनेर जावोस् र अति नै न्यूनतम खिचाई पनि नहोस् कि ताकि त्यसबाट कुनै स्तरको स्पष्ट झंकार नै ननिस्कियोस्" भन्ने थियो ।

यसरी ध्यान गर्दा समय समयमा ठीक मात्राको दैनिक आहार गर्नु आवश्यक छ । केही नखाइकन नपिइकन गरेको कठोर तपस्याले उल्टै स्वास्थ्यलाई हानी पुऱ्याउँछ । अर्को कुरो जुनसुकै परिस्थितिमा पनि ठीक्क हिसाबले चलेमा र कार्य गरेमा त्यो दिगो र दरिलो रहन सक्छ । अतः मध्यम मार्ग अवलम्बन गर्नु अति उत्तम उपाय हो भन्ने बारे त्यस गीतको मूल आशयबाट बुझेर तथा प्रभावित भएर त्यसदिन देखि कठोर तपस्या गर्ने हठधर्मिता छोडेर मध्यम मार्ग अवलोकन गर्नुभयो ।

त्याहाँबाट गया गएर त्यहीं एउटा बरको फेद मुनि बसेर ध्यान गर्न थाल्नुभयो ।

Downloaded from http://dhamma.digital

त्यसताका सुजाता नामकी एउटी गृहस्थी महिलाले आफुले छोरो पाई भने बर देवतालाई (बरको रूख) मीठो खीर बनाएर चढाउने भाकल गरेकी रहिछिन ।

संयोगवश एक दिन बरको फेद मुनि शान्त, सौम्य, मुद्रामा ध्यान मग्न भएर बस्नु भएको सिद्धार्थ गौतमलाई देखेर साँच्चिकै देवता नै प्रकट हुनु भएछ भनठानेर मनमनै चिताइ राखेकी कुरा सम्झेर (भाकल गरेकी कुरा) स्वादिष्ट खीर बनाई उनलाई खुब आदर सत्कार गरेर खुवाइन । यसरी आफुले चढाएको खीर उनले मीठो मानेर खाइदिनु हुँदा सुजाता खुबै प्रसन्न भइन ।

सिद्धार्थ गौतमले आफु ध्यान गरेर बसेको बाटो भएर एकजना सोत्थिय नामको ब्राह्मण हातमा केही कुशको बिटा बोकेर कतै जाँदै गरेको देख्नुभयो र ध्यान गर्दा कुश ओछ्याएर बस्न उपयुक्त ठानी त्यो ब्राह्मणसित केही कुश घाँस माग्नु-भयो । त्यस ब्राह्मणले पनि तपस्वी सिद्धार्थ गौतमको आग्रह-लाई पालन गरेर आफूसित भएको कुश घाँसको केही बिटा खुशीसाथ दिएर उनको आदर सत्कार गर्नुभयो ।

कुश घाँस पाएपछि त्यसलाई आफू बस्ने ठाउँमा ओछ्याएर त्यसमाथि बसी एकाग्र–चित्तले ध्यान गर्नुभयो । कालान्तरमा त्यहीं बसेर उनले बोधिज्ञान प्राप्त गर्नुभयो ।

विपश्यना ध्यान गरेर आफ्नो बहुमुखी प्रतिभाको बलले पाएको अगाध ज्ञानको भण्डारको कारण सिद्धार्थ गौतम

Downloaded from http://dhamma.digital

ज्ञानी बुद्ध हुनुभयो । सर्वज्ञ सिद्धार्थ गौतम बुद्ध नामले परिचित हुनुभयो ।

आफूले पाएको ज्ञानलाई व्यवहारिक जीवनमा उतार्न व्यापक प्रचार प्रसार गर्न सारनाथ पुग्नुभयो । शुरु शुरुमा तपस्या गर्दा ताकाका पांचजना तपश्वीहरू जो नित्य तपस्या गर्दागर्दै निराश भएर बीचैमा छोडी सारनाथ पुगेका थिए तिनीहरूलाई भेटी आफूले गयामा बोधिबृक्ष मुनि बसेर विपश्यना ध्यान गरेर पाएको ज्ञानको कुराहरू सुनाउनु भयो ।

उनले बताउनु भएको ज्ञान र उपदेशहरू अति नै सरल अति नै व्यवहारिक; जोसुकैले व्यवहारमा उतार्न सक्ने, शील पालना गर्न सक्ने, सबैलाई समेटन सक्ने, सामाजिक जीवनमा भोगिरहेको व्यवहारिक कुरामा आधारित, उर्लि-रहेको मनलाई शमन र दमन गर्न सकिने, सत्यपरक, पारदर्शी, आफ्नै किसिमको विशेषता र महत्व भएको अनुकरणीय पाएर तिनीहरू पाँचैजनाले सिद्धार्थ गौतम बुद्धको पहिलो शिष्यत्व ग्रहण गरे । तिनीहरूले गौतम बुद्धद्वारा प्रतिपादित धर्म र ज्ञानोपदेशहरू सर्वत्र प्रचार प्रसार गन सक्रिय भूमिका निभाए ।

यस धर्मको मूलभूत नीतिगत ज्ञानोपदेशहरू सरल र व्यवहारिक भएकोले प्रभावित भएर धेरैको संख्यामा चेलाहरू बने ।

सारनाथमा नै पहिलो पटक धर्मचक्र प्रवर्तनको थाल्नी गर्नुभयो । आफूले पाएको ज्ञानलाई अति नै सरल भाषामा

Downloaded from http://dhamma.digital

मोठो शैलीमा सर्वप्रथम चार आर्यसत्यहरू बारे उपस्थित श्रोताहरू समक्ष प्रकाश पार्नुभयो । बौद्ध वाङ्मय अनुसार यी चार आर्यसत्यहरू यसप्रकार छन्--

१. दुःख के हो ?
२. दुःखको कारण के हो ?
३. के दुःखको अन्त गर्न सकिन्छ ? र
४. दुःखको अन्त कसरी हुन्छ ?

यो पाएको अमूल्य तर अनित्य जीवनलाई सार्थक बनाउनको निमित्त उच्चतम जीवन निर्वाह गर्न सांसारिक दुःख कष्टको अन्त गर्ने उपायहरू आठवटा सरल मार्ग भएको बताउनु भयो । ती आठवटा सरल मार्गहरू यसप्रकार छन्---
१. सत्दृष्टि, २. सत्संकल्प, ३. सत्वचन, ४. सत्कर्म, ५. सत्जीवन, ६. सत्प्रयास, ७. सत्स्मृति र ८. सत्समाधि

बुद्ध धर्मको आदर्श मूल्य र मान्यता अनुसार जहाँ सत्य छ त्याहाँ पवित्र छ, स्वतन्त्र छ, सुन्दर छ, शान्ति छ र आनन्ददायी पनि छ । यसै कारण ज्ञानी पुरुष गौतम बुद्धले ती आठ मार्गको अगाडी 'सत' (सम्यक्) शब्दको प्रयोग गर्नुभएको छ । जो नितान्त उपयुक्त छ । यी आठ मार्गलाई बौद्ध वाङ्मयमा आर्य अष्टांगिक मार्ग भन्दछ ।

सिद्धार्थ गौतम बुद्ध सारनाथबाट घुम्दै घुम्दै विहार मगध राज्यको राजधानी राजगृह नगरमा पुग्नुभयो । मगध महाराजा बिम्बिसारले उनी रागृहमा आउनु भएको खबर

Downloaded from http://dhamma.digital

सुनेर आफू लगायत रानी, राजकुमार तथा मन्त्रीहरू उनलाई भेटन जानुभयो र भव्य स्वागत गर्नुभयो ।

महाराज बिम्बिसारले आफू पनि बुद्ध धर्म ग्रहण गर्ने तथा दीक्षित हुने ईच्छा प्रकट गर्नुभयो र उनलाई सिद्धार्थ गौतम बुद्धले आफ्नो शिष्य बनाउनु भयो ।

त्यसपछि उनी सारनाथबाट घुम्दै घुम्दै भिक्षाटन गर्दै आफू जन्मेको थलो कपिलवस्तु नगरमा पुग्नुभयो । भिक्षु भेषमा भिक्षाटन गर्दै नगरमा आई निग्रोधाराम आश्रममा बस्नु भएको खबर पाएर राजमाता–पिता तथा राजपरिवारका मान्यजनहरू दुःखित भए ।

राजा स्वयम मन्त्रीहरूलाई लिएर राजपुत्र सिद्धार्थ गौतम बुद्धलाई भेटन आश्रममा गए । उनले आफू त्यागी भएको, लोक कल्याणकारी कार्यमा आफूलाई समर्पण गरेर भेटेका र भेटन आउने श्रद्धालुजनलाई धर्मको सही बाटोमा हिंड्न उपदेश दिंदै हिंडेको कुरो अवगत गराई आफ्ना पितालाई कुनै कुराको चिन्ता फिक्री नगरी बवसन सल्लाह दिनुभयो ।

राजपिताको आज्ञा अनुसार भिक्षाटन गर्न राजप्रासाद भित्र पनि जानुभयो । त्याहाँ जानु हुँदा पतिव्रता धर्मपत्नी यशोधरालाई पनि भेटनु भयो । यही मौका पारी राजबधु यशोधराले बालक राजकुमार राहुललाई आफ्नो पति आएको बेला पैतृक सम्पत्ति माग्न पठाइन । त्यो बेला राहुलको उमेर ७ वर्ष मात्र पुगेको थियो ।

Downloaded from http://dhamma.digital

यो संसारमा आफूले पाएको ज्ञान र उपदेश लोक कल्याणको निमित्त सर्वोत्तम सम्पत्ति भएकोले छोरो राहुल-लाई पनि भिक्षु संघमा सम्मिलित गराई शिक्षा दीक्षा दिनुभयो तथा शिष्य बनाउनु भयो ।

कोशल राज्यमा आतंक मचाउने अंगुलीमाल नामक कुख्यात हत्यारा डाँकाले एक हजार मानिसहरूको निर्मम हत्या गरी तिनीहरूको औंलाको माला बनाउने कठोर गरेर धेरै मानिसहरूको ज्यान समेत लिइसकेको थियो ।

एक दिन सिद्धार्थ गौतम बुद्ध जालिनी नामको जंगल-को बाटो भएर गैरहेको समयमा त्यस हत्याराले उनलाई देखेर ज्यान लिन भनी अगाडी बढे । तर निरीह शान्त स्वभावका आकर्षक व्यक्तित्वका धनी गौतम बुद्धलाई देखेर मार्न सकेन ।

त्यस डाँकालाई ज्ञान उपदेश दिएर आफ्नो चेला बनाउनु भयो र घृणित पतित जीवनबाट माथि उठाई सम्मानित भिक्षु जीवन बिताउन लगाउनु भयो भने अर्कोतिर त्यस डाँकाद्वारा त्रसित, भयभीत नया आतंकित समाजमा शान्ति र अमनचैन कायम गराई लोकको हित गर्नुभयो ।

एक दिन सिद्धार्थ गौतम बुद्धले एउटा गोठालालाई एक बथान भेंडा–भेंडी, पाठा–पाठी धपाउँदै कतै लग्दै गरेको देख्नुभयो । एउटी माउ भेंडीकी पाठा भने खुट्टामा चोट लागेकोले खोलच्याङ, खोलच्याङ गर्दै हिंडेथ्यो र घरी घरी अरू सरह बथानमा हिंड्न नसकेर पछि पर्दथ्यो । यस्तो

Downloaded from http://dhamma.digital

अवस्थामा त्यो पाठाकी माउ, आफ्नो बच्चाको मायाले हिंड्दा हिंड्दै टक्क अडिएर पछि फर्केर आफ्नो दुधे बच्चो आउँदै गरेको छ कि छैन भनेर हेरी पठाउँथी ।

यो करूण दृश्य देखेर गौतम बुद्धलाई असाध्य माया लागेर आयो र त्यो लंगडो पाठोलाई उठाई छातीमा च्यापेर माउ भेंडीको पछि पछि हिंड्नु भयो ।

उनले बोधिज्ञान प्राप्त गरेपछि विभिन्न ठाउँमा भिक्षाटन गर्दै घुमेर हिंड्दा आफूले भेटेका र भेट्न आएका कुत्रेकात्रे थाङ्ने माङ्ने भिखारीदेखि राजा महाराजासम्म महापट मूर्खदेखि ज्ञानी पण्डित विद्वानसम्म; हत्यारा डाँकादेखि साधु सन्त योगी, महात्मासम्म, दुःखीदाखी गरीबदेखि धनाढ्यसम्म; बौलाहादेखि सज्जनसम्म; शोकसन्तप्त परिवारदेखि ऐश आराम अमनचैन उपभोग गर्ने परिवारसम्म; नगरबधुदेखि विदूषीसम्म; अछूत साना जातदेखि ठूला जातसम्म तथा सानादेखि ठूला उमेरसम्मका नरनारीहरूसित शिष्ट ब्यवहार गरेर, मीठो बोली बोलेर कुनै कुराको भेदभाव नराखी देश काल भेद परिस्थिति अनुसार ज्ञानोपदेश दिएर, सबै श्रद्धालु व्यक्तिहरूको चित्त बुझाई दिएर हिंड्दा उनको नाम, धर्म र उपदेशहरू सर्वत्र फैलिंदै गयो ।

जतातत‌ैबाट उनको प्रशंसा गरेको सुनेर तथा देखेर रीस, ईबी, ईर्ष्या, डाह, निन्दा, धन्दा, चर्चा तथा षडयन्त्र गर्नेहरूमध्ये आफ्नै भाई पर्ने मामाका छोरा देवदत्त पनि एक थिए ।

Downloaded from http://dhamma.digital

एक दिन देवदत्तले मगध देशका महाराजा बिम्बिसार-का उद्दण्ड स्वभावका छोरा अजातशत्रुलाई आफ्नो हातमा लिएर त्यसलाई उकस्याई गौतम बुद्धलाई मार्न भनेर नालागिरी नामका उद्दण्ड स्वभावका उन्मत्त हात्तीलाई पठाउन लगाए। तर त्यो हात्ती उनलाई देखेर त्यसै शान्त भयो। यसरी देवदत्तको षडयन्त्र बृथा सिद्धभयो।

कोशल राजा प्रसेनजीतकी कोषकी अध्यक्ष विशाखा धार्मिक स्वभावकी महिला थिइन्। सिद्धार्थ गौतम बुद्ध कोशल नगरमा जानु हुँदा यिनले भिक्षुहरूलाई अन्न, फलफूल, औषधी तथा वस्त्र दिन सकिरहुँ भनी उनबाट बरदान मागिन र सोही अनुसार उदार हृदयले दान–पुण्य गरिरहिन्।

एक दिन श्रावस्तीकी कृशा गौतमी नामकी एउटी महिलाकी नवजात शिशुको असामयिक निधन भएपछि औषधी उपचार गरेर छोरोको जीवन बचाई दिनु होला कि भनी आशाले त्यस शिशुको मृत देह लिएर सिद्धार्थ गौतम बुद्धकाहाँ गईन र आफ्नो छोरोको जीवन बचाई दिन आग्रह गरिन्।

शोकले विह्वल भएकी कृशा गौतमीलाई जुन घरमा कहिल्यै पनि शोक परेको छैन त्यो घरबाट एक मुठी तोरी लिएर आएमा नवजात शिशुको जीवन बचाई दिने कुरो गर्नुभयो।

त्यही आशले त्यो महिला प्रत्येक घरमा गईन र बुझिन। तर शोक नपरेको कुनै पनि घर पाउन सकिन।

Downloaded from http://dhamma.digital

यसबाट त्यस महिलाले एक दिन न एक दिन काल आएपछि सबैले अघि र पछि गर्दै मर्नै पर्ने रहेछ भनेर आफ्नो चित्त आफैले बुझाइन् ।

वैशालीकी सुन्दरी नगरबधु आम्रपालीले एक दिन सिद्धार्थ गौतम बुद्ध त्याहाँ जानुहुँदा भोजन ग्रहणको निमित्त निम्तो दिइन् । उनले पनि नगरबधुकी निमन्त्रण सहर्ष स्वीकार गर्नुभयो र शिष्य भिक्षुहरूको दल सहित नगरबधु-काहाँ जानुभयो ।

सुन्दरीले खुब आदरसत्कार गरेर उपस्थित सबैलाई सन्तुष्ट हुने गरी भोजन खुवाइन र उनकी शिष्या समेत बनिन् ।

त्यस खुशियालीमा नगरबधुले जुन आम्रबनमा आपनो शिष्यहरूसित सिद्धार्थ गौतम बुद्ध वस्नुभएको थियो त्यही जग्गा किनेर उनलाई भिक्षुक संघाराम निर्माणको निमित्त दान गरिन् ।

एक दिन उनले मगध देशका राजगृह नगरमा एकजना वैश्य जातको सिगाल नामक व्यक्तिले बिहानी समय नित्य कर्म अनुसार चारै दिशातिर फर्केर नमस्कार गर्दै गरेको देख्नुभयो ।

त्यो वैश्यको नित्य कर्म सकेपछि मानिसले मुख्य चारवटा धर्मको पालना गर्न कहिल्यै पनि बिर्सनु हुन्न भनेर सिद्धार्थ गौतम बुद्धले तिनलाई उपदेश दिनुभयो ।

Downloaded from http://dhamma.digital

ती आर्यसत्यहरू निम्नप्रकार थियो—

१. हिंसात्मक कार्य नगर्नु ।
२. चोरी काम नगर्नु ।
३. झुठो कुरो नगर्नु । र
४. परस्त्री (गमन नगर्नु) प्रति बलात्कार नगर्नु ।

एक दिन जेतवनका एकजना अग्गिक नामक भारद्वाज ब्राह्मणले यज्ञ गरिरहेको बेला सिद्धार्थ गौतम बुद्ध पुग्नुभयो । तर त्यस ब्राह्मणले अछूत जातको चण्डाल भन ठानेर तिनलाई यज्ञको छेउमा जान दिएन ।

यस्तो दुर्व्यवहार गरेको देखेर मान्छे जातले कोही पनि ठूलो हुँदैन, जसले भेदभाव नराखी सद्व्यवहार गर्छ त्यही न ठूलो हो र त्यही नै आदरणीय हुन्छ । ठूलो जातको हुँ भनेर धाक लगाउने र अरूलाई सानो देख्ने मानिस अधम हो भनी उचित शिक्षा दिनुभयो ।

कोशल राज प्रसेनजीत सिद्धार्थ गौतम बुद्धका अन्यन्य भक्त थिए । भिक्षुहरूले कुनै भेदभाव नराखी जुनसुकै व्यक्तिले दिएको पानी पिउने गर्दथ्यो । यो देखेर राजाको चित्त बुझि-रहेको थिएन र त्यस्तो कुरोमा प्रतिवन्ध लगाउनै पर्छ भनेर उनलाई भेटन जानुभयो ।

राजाको कुरा सुनेपछि भिक्षुहरू कुनै पनि वर्णमा नपर्ने कुरो बताउनु भयो । कुरो यति हो कि जहाँपायो त्याहाँ पानी पिउनु तथा भोजन गर्नु उचित छैन । उनले यो पनि

Downloaded from http://dhamma.digital

भन्नुभयो कि कसैले आफूप्रति देखाएको सद्व्यवहार श्रद्धा र धर्मलाई उन्मुक्त हृदयले आदर र कदर गर्नु भिक्षुहरूको कर्तब्य हो ।

सिद्धार्थ गौतम बुद्धले आफूले पाएको ज्ञान लोकहित कार्यमा लगाई सबै वर्णका मानिसहरूलाई समान रूपले उपदेश दिनु भएर धर्मको सही बाटो देखाउनु भयो । जीवनको अन्तिम घडीको पूर्वसन्ध्यासम्म पनि आफ्नो प्यारो भिक्षु आनन्द तथा अन्य भिक्षुहरूलाई साथमा राखी धर्मोपदेश दिनुभयो । सधैं होशियारी र अप्रमादी बनिरहनु ।

तथागत गौतम बुद्धले परिनिर्वाण प्राप्त गर्ने कुरोले चिन्तित हुनु भएका भिक्षु आनन्दलाई सम्झाई बुझाई गर्नुभयो र वाहाँहरू कुशीनगर जानुभयो ।

त्याहाँ पुगेपछि तथागत गौतम बुद्धले पानीको तृष्णा मेट्न भिक्षु आनन्दलाई पानी ल्याउन अह्राउनु भयो । उनले पनि आफूहरू बसेको नजिकैबाट बगिरहेको नदीको निर्मल कञ्चन पानी लगेर पिउन दिनुभयो ।

तथागत गौतम बुद्धको जीवनको अन्तिम घडी परि-निर्वाणको बेला नजिकै आएकोले कुशीनगरका मल्लहरूको सालवन भित्र दुइवटा सालको रूखको बीचमा भिक्षु आनन्दले ओछ्याएको चीवर माथि पल्टिदुभयौ र हेर्दा हेर्दै भौतिक शरीर त्याग गर्नुभयो ।

बुद्ध धर्मका प्रवर्तक, सत्यका पूजारी, अहिंसाका ब्रती, शान्तिका अग्रदूत, ज्ञानी महापुरुष तथागत सिद्धार्थ गौतम

Downloaded from http://dhamma.digital

बुद्धको परिनिर्वाणको दु:खद समाचार वरपर सबै राज्यहरूमा द्रुतगतिले फैलियो ।

श्रद्धाका भाजन व्यक्तिहरू उनको पार्थिव शरीरको अन्तिम दर्शन गर्न चारैतिरबाट ओइरिए । भावविभोर हुँदै दिवंगत बुद्धको गुण स्मरण गर्दै नतमस्तक गरेर श्रद्धाञ्जली अर्पण गरे ।

उनको नश्वर शरीरको अग्नि दाह–संस्कार विधिसम्मत भयो र अस्थि भष्म देशका विभिन्न ८ ठाउँमा पुऱ्याई विधिवत राखी त्यसमाथि स्तुप (चैत्य) निर्माण गरे ।

थप दुई स्तुपमध्ये एउटा स्तुप पिडाल्नेको (जनकुम्भी Icorvia crasipes) फूल फुलिरहेको स्थानमा र दोश्रो चिता जलाएको अंगार तथा खरानी संकलन गरेर थुपारीएको स्थानमा निर्माण गरे । यसरी कूल १० स्थानमा तथागत सिद्धार्थ गौतम बुद्धको पवित्र सम्झनामा स्मारक स्वरूप स्तुपहरूको निर्माण भयो ।

## सन्दर्भ साहित्य श्रोत


१. बालचित्रमय बुद्धलीला, हिन्दी भाषा (प्रकाशन मिति उल्लेख नभएको) गीता प्रेस, प्रो. गीता प्रेस (गोरखपुर)

२. प्रकाश बज्राचार्य, बुद्ध र बुद्ध पछि
प्रथम संस्करण बि. सं. २०४८

३. आनन्द प्रधान, महामानव गौतम बुद्ध र बुद्ध धर्म : एक दृष्टि, धर्मकीर्ति (बौद्ध मासिक पत्रिका), पूर्णाङ्क १२, असोज २०४८


Downloaded from http://dhamma.digital